# प्रदेश राजपत्र

गण्डकी प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ०२) पोखरा, असार ३१ गते, २०७६ साल (संख्या ०१

## भाग १

### प्रदेश सरकार

## आन्तरिक मामिला तथा कानून मन्त्रालय

नेपालको संविधान बमोजिम प्रदेश सभाले बनाएको देहाय बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

सम्बत् २०७६ सालको ऐन नं. २

## आर्थिक वर्ष २०७६/७७ को सेवा र कार्यको लागि प्रदेश सञ्चित कोषबाट केही रकम विनियोजन गर्ने र सो रकम खर्च गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

**प्रस्तावना:** आर्थिक वर्ष २०७६/७७ को सेवा र कार्यको लागि प्रदेश सञ्चित कोषबाट केही रकम विनियोजन गर्ने र सो रकम खर्च गर्ने अधिकार दिन वाञ्छनीय भएकोले,

गण्डकी प्रदेश सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "विनियोजन ऐन, २०७६" रहेको छ।

(२) यो ऐन सम्बत् २०७६ साल साउन १ गतेदेखि लागू हुनेछ।

२. **आर्थिक वर्ष २०७६/७७ को निमित्त प्रदेश सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकारः** आर्थिक वर्ष २०७६/७७ को निमित्त अनुसूची-१ बमोजिम प्रदेश सञ्चित कोषमाथि व्ययभार हुने रकम बाहेक अनुसूची-२ को महल ३ मा उल्लिखित निकायले गर्ने सेवा र कार्यका निमित्त सोही अनुसूचीको महल ४ मा उल्लिखित चालु खर्च, महल ५ मा उल्लिखित पूँजीगत र वित्तीय व्यवस्थाको रकम समेत गरी महल ६ मा उल्लिखित जम्मा रकम रू.३१,८४,९७,५३,०००।- (अक्षरूपी एकतीस अरब चौरासी करोड सन्तानब्बे लाख त्रिपन्न हजार मात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम प्रदेश सञ्चित कोषबाट खर्च गर्न सकिनेछ।

३. **विनियोजनः** (१) यस ऐनद्वारा प्रदेश सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७६/७७ को निमित्त अनुसूची-२ को महल ३ मा उल्लिखित निकायले गर्ने सेवा र कार्यको निमित्त विनियोजन गरिनेछ।

(२) उपदफा (१) बमोजिम अनुसूची-२ को महल ३ मा उल्लिखित निकायले गर्ने सेवा र कार्यको निमित्त विनियोजन गरेको रकममध्ये कुनै अनुदानको संख्यामा बचत हुने र कुनै अनुदानको संख्यामा अपुग हुने देखिन आएमा प्रदेश सरकार, आर्थिक मामिला तथा योजना मन्त्रालयले बचत हुने अनुदान संख्याबाट अपुग हुने अनुदान संख्यामा रकम सार्न सक्नेछ।

(३) उपदफा (२) बमोजिम रकम सार्दा जम्मा रकमको दश प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एकभन्दा बढी अनुदानबाट अर्को एक वा एक भन्दा बढी अनुदानमा रकम सार्न र निकासा तथा खर्च जनाउन, चालु र पूँजीगत खर्च तथा वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ।

तर,

(क) एउटै अनुदान संख्याभित्रका बजेट शीर्षक वा उपशीर्षकमा रकमान्तर गर्दा जतिसुकै रकम रकमान्तर गर्न सकिनेछ।

(ख) पूँजीगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षकतर्फ सार्न र वित्तीय व्यवस्था अन्तर्गत सावाँ भुक्तानी खर्चतर्फ विनियोजित रकम व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन।

(४) स्थानीय तहका लागि अनुदान संख्या ८०१ मा विनियोजन भएको वित्तीय समानीकरण अनुदान रकम भने अन्य अनुदान संख्यामा रकमान्तर हुने छैन।

(५) उपदफा (१), (२) र (३) मा जुनसूकै कुरा लेखिएको भएतापनि अनुदान संख्या ६०२ मा विनियोजन भएको रकम जुन अनुदान संख्यामा निकासा र खर्च हुने हो सोही अनुदान संख्यामा रकम सार्न र निकासा तथा खर्च जनाउन भने बाधा पर्ने छैन।

४. <u>अन्तर सरकारी वित्तीय हस्तान्तरणः</u> (१) अनुदान संख्या ८०१ को रकम स्थानीय तहले कानून बमोजिम खर्च गर्न पाउने गरी अनुदानको रुपमा स्थानीय सञ्चित कोषमा हस्तान्तरण गरिनेछ।

(२) उपदफा (१) बमोजिमको रकममध्ये वित्तीय समानीकरण अनुदानको एक चौथाईले हुन आउने रकम प्रदेश लेखा नियन्त्रक कार्यालयले सम्बन्धित सञ्चित कोषमा प्रत्येक आर्थिक वर्षको साउन २५ गते, कार्तिक २५ गते, माघ २५ गते र बैशाख २५ गते गरी चार किस्तामा दाखिला गर्नेछ।

(३) उपदफा (२) बमोजिमको वित्तीय समानीकरण अनुदानबाट खर्च भएको रकमको विवरण स्थानीय तहले प्रदेश लेखा नियन्त्रक कार्यालयमा प्रत्येक आर्थिक वर्षको कार्तिक १५ गते, माघ १५ गते, बैशाख १५ गते र साउन १५ गतेभित्र बुझाईसक्नु पर्नेछ।

(४) उपदफा (२) मा जुनसूकै कुरा लेखिएको भए तापनि उपदफा (३) बमोजिमको विवरण प्राप्त नभएसम्म वित्तीय समानीकरण अनुदान वापतको बाँकी रकम सम्बन्धित सञ्चित कोषमा दाखिला गरिने छैन।

(५) सशर्त, समपूरक र विशेष अनुदानको रकम असार मसान्तसम्म खर्च नभई बचत भएमा प्रदेश सञ्चित कोषमा दाखिल गर्नु पर्नेछ।

(६) उपदफा (५) बमोजिम अनुदानको रकम दाखिल नभएमा प्रदेश लेखा नियन्त्रक कार्यालयले त्यस्तो रकम अर्को वर्ष हस्तान्तरण गर्ने अनुदानवाट कट्टा गरी समायोजन गर्नेछ।

**५. <u>अख्तियारी तथा कार्यक्रम स्वीकृति सम्बन्धी व्यवस्था:</u>** (१) प्रचलित कानूनमा जुनसूकै कुरा लेखिएको भए तापनि विनियोजन भएको रकम प्रचलित कानूनको अधीनमा रही खर्च गर्ने अख्तियारी यो ऐन प्रारम्भ भएको दिनदेखि अधिकार प्राप्त अधिकारीलाई हुनेछ।

(२) उपदफा (१) बमोजिम खर्च गर्ने अख्तियारीको आधारमा प्रदेश लेखा नियन्त्रक कार्यालय वा इकाई कार्यालयले सम्बन्धित निकायलाई विनियोजन भएको रकम निकासा दिनेछ।

(३) कुनै निकायलाई एकभन्दा बढी निकायबाट खर्च गर्ने गरी रकम विनियोजन भएकोमा विनियोजन भएको निकायको प्रमुखले यो ऐन प्रारम्भ भएको मितिले पन्ध्र दिनभित्र विनियोजन भएको सम्पूर्ण रकम खर्च गर्ने निकायलाई बाँडफाँट गरी त्यसको जानकारी प्रदेश सरकार, आर्थिक मामिला तथा योजना मन्त्रालय र प्रदेश लेखा नियन्त्रक कार्यालयलाई दिनु पर्नेछ।

(४) उपदफा (३) बमोजिमको बाँडफाँटबाट रकम प्राप्त गर्ने निकायको प्रमुखलाई त्यस्तो रकम खर्च गर्ने अख्तियारी प्राप्त भएको मानिनेछ।

(५) प्रचलित कानूनमा जुनसूकै कुरा लेखिएको भए तापनि प्रादेशिक मन्त्रालयगत बजेट सूचना प्रणालीमा समावेश भएको कार्यक्रमलाई त्यस्तो कार्यक्रम कार्यान्वयन गर्ने प्रयोजनका लागि स्वीकृत कार्यक्रम मानिनेछ।

(६) उपदफा (५) बमोजिम प्रादेशिक मन्त्रालयगत बजेट सूचना प्रणालीमा समावेश भएको कुनै कार्यक्रम संशोधन गर्नुपर्ने भएमा सम्बन्धित निकायले प्रदेश सरकार, आर्थिक मामिला तथा योजना मन्त्रालयको सहमति लिनु पर्नेछ।

(७) उपदफा (६) मा जुनसूकै कुरा लेखिएको भए तापनि प्रादेशिक मन्त्रालयगत बजेट सूचना प्रणालीमा समावेश भएको कार्यक्रमको चौमासिक विभाजनलाई संशोधन गर्नुपर्ने भएमा सम्बन्धित निकायले एक तह माथिको कार्यालय प्रमुखको स्वीकृति लिनु पर्नेछ।

तर राजपत्राङ्कित प्रथम श्रेणी वा सो सरहको कर्मचारी प्रमुख भएको निकायमा निजले चौमासिक विभाजनलाई संशोधन गर्न बाधा पुगेको मानिने छैन।

(८) उपदफा (७) बमोजिम संशोधन भएको जानकारी प्रदेश सरकार, आर्थिक मामिला तथा योजना मन्त्रालय र प्रदेश लेखा नियन्त्रक कार्यालयलाई दिनु पर्नेछ।

(९) प्रदेश सरकारका विषयगत मन्त्रालयका सचिवले आफ्नो कुनै आयोजना / कार्यक्रम स्थानीय तहबाट कार्यान्वयन गराउन उपयुक्त देखेमा प्रदेश सरकार, आर्थिक मामिला तथा योजना मन्त्रालयको सहमति लिई विनियोजित बजेट रकमको सीमाभित्र रही स्थानीय संञ्चित कोषमा रकम हस्तान्तरण गर्न वा सिधै अख्तियारी दिन सक्नेछ।

(१०) उपदफा (९) बमोजिम कुनै स्थानीय तहले प्रदेश सरकार अन्तर्गतको कार्यक्रम / आयोजना कार्यान्वयन गरेमा सो सम्बन्धी प्रगति विवरण प्रदेश सरकार, आर्थिक मामिला तथा योजना मन्त्रालय र सम्वन्धित विषयगत मन्त्रालय / निकायलाई दिनु पर्नेछ।

६. **कार्यविधि तथा मापदण्ड बनाउन सक्नेः** (१) यस ऐनको कार्यान्वयन गर्न प्रदेश सरकारले आवश्यक कार्यविधि तथा मापदण्ड बनाउन सक्नेछ।

(२) उपदफा (१) बमोजिमको कार्यविधि तथा मापदण्ड प्रदेश राजपत्रमा प्रकाशन गरिनेछ।

७. **आदेश जारी गर्न सक्नेः** (१) यस ऐनको कार्यान्वयन गर्दा कुनै बाधा उत्पन्न भएमा प्रदेश सरकारले आदेश जारी गरी आवश्यक व्यवस्था गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको आदेश प्रदेश राजपत्रमा प्रकाशन गरिनेछ।

**अनुसूची-१**

(दफा २ सँग सम्बन्धित)

नेपालको संविधान बमोजिम

**गण्डकी प्रदेश सञ्चित कोषमाथि व्ययभार हुने रकम**

(रू. हजारमा)

| १ | २ | ३ | ४ | ५ | ६ |
|---|---|---|---|---|---|
| **क्र. स.** | **प्रदेश अनुदान संख्या** | **शीर्षकको नाम** | **चालु** | **वित्तीय व्यवस्था** | **जम्मा** |
| १ | २०२ | प्रदेश सभा | ५०३९ | ० | ५०३९ |
| २ | २१० | प्रदेश लोक सेवा आयोग | १०००० | ० | १०००० |
| ३ | ६०२ | अर्थ -विविध | २७०००० | ० | २७०००० |
| | | **जम्मा** | **२८५०३९** | **०** | **२८५०३९** |

## अनुसूची-२

(दफा २ र ३ सँग सम्बन्धित)

**गण्डकी प्रदेश सञ्चित कोषबाट व्ययभार हुने रकम**

(रू. हजारमा)

| १ | २ | ३ | ४ | ५ | ६ |
|---|---|---|---|---|---|
| **क्र. स.** | **प्रदेश अनुदान संख्या** | **शीर्षकको नाम** | **चालु** | **पूँजीगत तथा वित्तीय व्यवस्था** | **जम्मा** |
| १ | २०२ | प्रदेश सभा | १०७५९० | ३०२७० | १३७८६० |
| २ | २१६ | मुख्य न्यायाधिवक्ताको कार्यालय | १९९३७ | १००० | २०९३७ |
| ३ | ३०१ | मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय | ४५६५२३ | ८७१२५० | १३२७७७३ |
| ४ | ३०५ | आर्थिक मामिला तथा योजना मन्त्रालय | २०७०९१ | २२३५० | २२९४४१ |
| ५ | ३०७ | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | १२९९५४८ | ७३१८५९ | २०३१४०७ |
| ६ | ३१२ | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | २१०८१२२ | ३१९९५९ | २४२८०८१ |
| ७ | ३१४ | आन्तरिक मामिला तथा कानून मन्त्रालय | ३७९२३६ | २१४७०० | ५९३९३६ |

| | | | | | |
|---|---|---|---|---|---|
| ८ | ३३७ | भौतिक पूर्वाधार विकास मन्त्रालय | ८४००४९ | १५११०५१५ | १५९५०५६४ |
| ९ | ३५० | सामाजिक विकास मन्त्रालय | २५५५९८५ | ८३५६१७ | ३३९१६०२ |
| १० | ३९१ | प्रदेश नीति तथा योजना आयोग | २८८५० | ११५०० | ४०३५० |
| ११ | ६०२ | अर्थ-विविध | १५४०००० | १७००००० | ३२४०००० |
| १२ | ८०१ | स्थानीय तह | २४५७८०२ | ० | २४५७८०२ |
| | **जम्मा** | | **१२०००७३३** | **१९८४९०२०** | **३१८४९७५३** |

प्रमाणित मितिः २०७६/०३/३१

**आज्ञाले,**

**मनोहर प्रसाद खनाल**

**प्रदेश सरकारको सचिव**

# भाग १

## प्रदेश सरकार

# आन्तरिक मामिला तथा कानून मन्त्रालय

नेपालको संविधान बमोजिम प्रदेश सभाले बनाएको देहाय बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

सम्बत् २०७६ सालको ऐन नं. ३

**प्रदेश सरकारको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको ऐन**

**प्रस्तावना** : प्रदेश सरकारको आर्थिक वर्ष २०७६/७७ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न कर लगाउन तथा राजस्व सङ्कलन र राजस्व प्रशासन सम्बन्धी कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकाले,

गण्डकी प्रदेश सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम “आर्थिक ऐन, २०७६" रहेको छ।

(२) यो ऐन सम्बत् २०७६ साल साउन १ गतेदेखि प्रारम्भ हुनेछ ।

२. **घरजग्गा रजिष्ट्रेशन शुल्कः** (१) प्रदेशभित्र घरजग्गा लगायतको रजिष्ट्रेशन गर्दा अनुसूची-१ बमोजिम घरजग्गा लगायतको रजिष्ट्रेशन शुल्क, सेवा शुल्क र रोक्का शुल्क लगाइने र असुल उपर गरिनेछ।

(२) उपदफा (१) बमोजिमको शुल्कको सङ्कलन घर जग्गा लगायतको रजिष्ट्रेशनका बखत सम्बन्धित गाउँपालिका वा नगरपालिकाले गर्नेछ।

३. **सवारी साधन करः** (१) प्रदेशभित्र सवारी साधन कर, सवारी चालक अनुमतिपत्र दस्तुर, बाटो इजाजत पत्र दस्तुर तथा आवेदन शुल्क अनुसूची-२ बमोजिम लगाई असुल उपर गरिनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि टाँगा, रिक्सा, अटोरिक्सा र विद्युतीय रिक्सा (ई-रिक्सा) मा गाउँपालिका वा नगरपालिकाले सवारी साधन कर लगाई असुल उपर गर्नेछ ।

(३) उपदफा (१) बमोजिमको कर, दस्तुर तथा शुल्कको प्रशासन प्रदेश सरकारबाट हुनेछ ।

४. **मनोरञ्जन कर:** (१) प्रदेशभित्र सञ्चालित चलचित्र घर, व्यापारिक तथा व्यवसायिक प्रकृतिका मेला-महोत्सव र कन्सर्टमा अनुसूची-३ बमोजिम मनोरञ्जन कर लगाइने र असुल उपर गरिनेछ ।

(२) उपदफा (१) बमोजिमको करको प्रशासन गाउँपालिका वा नगरपालिकाले प्रदेश कानून बमोजिम गर्नेछ।

५. **विज्ञापन कर:** प्रदेशमा विज्ञापन सामाग्री राखे वापतको विज्ञापन कर सम्बन्धित गाउँपालिका वा नगरपालिकाले लगाई असुल उपर गर्नेछ ।

६. **कृषि आयमा कर:** (१) प्रदेशभित्र कृषि उपजको प्रारम्भिक बिक्रीबाट प्राप्त हुने आयमा अनुसूची-४ बमोजिम कर लगाई असुल उपर गरिनेछ ।

(२) उपदफा (१) बमोजिमको करको प्रशासन प्रदेश सरकारबाट हुनेछ ।

७. **पर्यटन शुल्क**: (१) प्रदेशभित्र अनुसूची-५ बमोजिम पर्यटन शुल्क लगाई असुल उपर गरिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि गाउँपालिका वा नगरपालिकाभित्र रहेका अनुसूची-५ बाहेकका उद्यान, पार्क, सङ्ग्रहालय तथा नेपाल सरकारले प्रवेश शुल्क उठाउन अनुमति दिएका प्राचीन स्मारक र पुरातात्विक सम्पदामा प्रवेश गरे बापत सम्बन्धित गाउँपालिका वा नगरपालिकाले पर्यटन शुल्क लगाई असुल उपर गर्नेछ ।

(३) उपदफा (१) बमोजिमको पर्यटन शुल्कको प्रशासन प्रदेश सरकारबाट हुनेछ ।

८. **दहत्तर बहत्तर शुल्क**ः (१) प्रदेशभित्र अनुसूची-६ बमोजिम रोडा, ढुङ्गा, गिट्टी, चिप्स, माटो, चुनढुङ्गा, बालुवा, दहत्तर-बहत्तरको सङ्कलनमा शुल्क लगाई असुल उपर गरिनेछ ।

(२) उपदफा (१) बमोजिमको शुल्कको सङ्कलन सम्बन्धित गाउँपालिका वा नगरपालिकाले गर्नेछ ।

९. **दर बढाउन, घटाउन वा छुट दिन सकिने**ः (१) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश सरकारले आवश्यकता अनुसार यो ऐन र अन्य कानून बमोजिम लगाइएका कर र शुल्कको दर बढाउन, घटाउन वा त्यस्तो कर र शुल्क आंशिक वा पूर्ण रूपमा छुट दिन सक्नेछ। त्यस्तो दर बढाएको, घटाएको वा छुट दिएको सूचना प्रदेश राजपत्रमा प्रकाशन गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम करको दर बढाएको, घटाएको वा कुनै कर र शुल्क आंशिक वा पूर्ण रूपमा छुट दिएको विवरण प्रत्येक वर्ष प्रदेश सरकार, आर्थिक मामिला तथा योजना मन्त्रालयले प्रदेश सभामा पेश गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम दिएको छुट सुविधाको कसैले दुरूपयोग गरेमा वा कुनै खास प्रयोजनको लागि छुट सुविधामा प्राप्त गरेको मालवस्तु अन्य प्रयोजनमा प्रयोग गरेमा त्यसरी छुट दिएको कर र शुल्कको रकम असुल उपर गरी सो रकम बराबर जरिवाना गरिनेछ।

१०.**प्रक्रिया सरलीकरण वा बाधा अड्काउ फुकुवा गर्न सक्ने**ः प्रचलित कर सम्बन्धी कानून तथा यस ऐनको कार्यान्वयनको क्रममा सार्वजनिक शान्ति र व्यवस्थामा गम्भीर खलल पुगेमा वा सार्वजनिक आवागमनमा अवरोध भएमा वा विपदको कारणले उल्लिखित कानूनले प्रदान गरेको कुनै सुविधा उपभोग गर्न नपाउने अवस्था सिर्जना भएमा, कुनै जटिलता देखिएमा वा उल्लिखित कानून तथा यस ऐनको कार्यान्वयनमा कुनै बाधा अड्काउ पर्न गएमा प्रदेश सरकार, आर्थिक मामिला तथा योजना मन्त्रालयले आवश्यकता

अनुसार अवधि थप गर्न, प्रक्रिया सरलीकरण गर्न वा कार्यान्वयनमा देखिएको बाधा अड्काउ फुकुवा गर्न सक्नेछ ।

११.**<u>प्रचलित कानूनको व्यवस्था कायम रहने:</u>** (१) यस ऐनमा व्यवस्था भए बाहेकका विषयमा प्रचलित कानून बमोजिम विभिन्न निकायबाट सेवा प्रदान गर्दा उठाइएका कर, गैरकर, सेवा शुल्क, दस्तुर अर्को कानूनी व्यवस्था नभएसम्म प्रचलित कानूनमा तोकिएको दरमा यथावत रुपमा असुल उपर गरिनेछ ।

(२) प्रदेश सरकारका कर तथा गैरकर सङ्कलन गर्ने तथा सेवा प्रदान गर्ने निकाय स्थापना नभएसम्म हाल कर तथा गैरकर सङ्कलन गरिरहेका निकायबाट यस ऐन बमोजिम तथा दफा ११ को उपदफा (१) बमोजिमको कर तथा गैरकर सङ्कलन गरी बाँडफाँट गरिनेछ ।

(३) राजस्व दाखिल गर्ने सम्बन्धी अन्य व्यवस्था प्रदेश सरकार, आर्थिक मामिला तथा योजना मन्त्रालयबाट तोकिए बमोजिम हुनेछ।

**१२.कर तथा गैरकर राजस्व सम्बन्धी ऐन,२०७५ मा संशोधन**:- (१) दफा १३ (२) को स्पष्टीकरण को सट्टा देहायको स्पष्टीकरण राखिएको छ-

**<u>स्पष्टीकरण:-</u>** यस दफाको प्रयोजनको लागि "कृषि उपज" भन्नाले धान, गहुँ, कोदो, फापर, मकै, फलफूल, तरकारी, आलु, अण्डा, मासुजन्य पदार्थ, माछा, दूध, दलहन, तेलहन जस्ता अन्य खाद्य वस्तु र त्यस्तो खाद्य वस्तुको प्रशोधन तथा प्याकेजिङलाई समेत सम्झनु पर्छ ।

(२) दफा १४(१) को सट्टा देहायको दफा राखिएको छः-

१४.पर्यटन शुल्कः (१) प्रदेश सरकारले तोकेका पर्यटकीय स्थल, पर्यटन व्यवसाय र पर्यटकीय क्रियाकलापमा सेवाको लागत सञ्चालन र सम्भार खर्चलाई आधार मानी पर्यटन शुल्क लगाई उठाउन सक्नेछ ।

(३) दफा १४ को उपदफा (२) र (३) खारेज गरिएको छ ।

# अनुसूची-१

(दफा २ सँग सम्बन्धित)

## घर जग्गा लगायतको रजिष्ट्रेशन शुल्क, सेवा शुल्क र घरजग्गा रोक्का शुल्क

### (क) घर जग्गा लगायतको रजिष्ट्रेशन शुल्क र घरजग्गा रोक्का शुल्क

| सि.नं | लिखतको प्रकार | रजिष्ट्रेशन शुल्कको दर अन्यथा उल्लेख भएकोमा बाहेक थैली अंकमा | | |
|---|---|---|---|---|
| | | महानगरपालिका क्षेत्रको शुल्क | नगरपालिका क्षेत्रको शुल्क | गाउँपालिका क्षेत्रको शुल्क |
| १ | राजीनामा, सट्टापट्टा र सँगोलनामाको लिखत<br>(क) राजीनामा, सट्टापट्टा, र सँगोलनामाको लिखतको थैली अंकमा | ५% | ४% | २% |
| | (ख) सामुहिक आवास योजना अन्तर्गत निर्मित भवन आवास इकाईको लिखतको थैली अंकमा | ४% | २% | १% |
| | (ग) सामुहिक आवास योजना अन्तर्गत निर्मित भवन सहितको घर जग्गाको लिखतको थैली अंकमा | ५% | ४% | २% |
| २. | छोडपत्र<br>दर्ताफारी (संयुक्त दर्तावालाबीचको) लिखितको थैली अंकमा | ३% | २% | १.५% |

| सि.नं | लिखतको प्रकार | रजिष्ट्रेशन शुल्कको दर अन्यथा उल्लेख भएकोमा बाहेक थैली अंकमा | | |
|---|---|---|---|---|
| | | महानगरपालिका क्षेत्रको शुल्क | नगरपालिका क्षेत्रको शुल्क | गाउँपालिका क्षेत्रको शुल्क |
| ३.. | **<u>हालै देखिको वकसपत्रको लिखत</u>**<br>हालैदेखिको वकसपत्रको लिखतको थैली अंकमा<br>(क) बाजे, बज्यै, आमा, बावु, पति, पत्नी, दाजु, भाउजु, भाइ, भाइबुहारी दिदी, बहिनी, छोरा, छोराबुहारी, छोरी, जेठाजु, जेठानी, देवर, देउरानी, भतिजा, भतिजी, नाति, नातिनी, नातिनी वुहारी, काका, काकी, ठूलो-बुवा, ठूली आमा (वावु तर्फका) आमाजु, नन्द, सौता-सौता र एकै दाजु भाईको छोरा, छोरी बीच।<br>(अ) रू.१ लाखसम्मको थैली अंकमा | १.५% | १% | ०.५% |
| | (आ) रू.१ लाखभन्दा माथि जतिसुकै थैली अंकमा | २.५% | २% | १% |
| | (ख) अन्य वकसपत्र र दानपत्रको थैली अंकमा | १५% | १५% | १०% |

| सि.नं | लिखतको प्रकार | रजिष्ट्रेशन शुल्कको दर अन्यथा उल्लेख भएकोमा बाहेक थैली अंकमा | | |
|---|---|---|---|---|
| | | महानगरपालिका क्षेत्रको शुल्क | नगरपालिका क्षेत्रको शुल्क | गाउँपालिका क्षेत्रको शुल्क |
| | **स्पष्टीकरणः** सरकारी विश्व विद्यालय, सरकारी क्याम्पस/कलेज, सामुदायिक विद्यालय, सामुदायिक अस्पताल, नेपाल सरकार प्रदेश सरकार र स्थानीय तहका कार्यालय, तीनवटै सरकारको नाममा प्राप्त हुने जुनसुकै प्रकारको लिखतमा कुनै शुल्क लाग्ने छैन । | | | |
| ४. | **अंशवण्डा तथा अंश भर्पाईको लिखत** अंशवण्डा तथा अंश भर्पाईको लिखतमा (क) रू.३० लाखसम्मको थैली अंकमा | ०.२% | ०.२% | ०.२% |
| | (ख) रू.३० लाख भन्दा वढी रू.२ करोड सम्मको थैली अंकमा | ०.५% | ०.५% | ०.५% |
| | (ग) रू.२ करोड भन्दा माथिको थैली अंकमा | १% | १% | १% |
| ५. | **मानो छुट्टिएको र मानो जोडिएको लिखत** (क) मानो छुट्टिएको प्रति लिखत | रू.१५०००। | रू.१००००। | रू.५०००। |
| | (ख) मानो जोडिएको प्रति लिखत | रू.३००००। | रू.२००००। | रू.१००००। |

| सि.नं | लिखतको प्रकार | रजिष्ट्रेशन शुल्कको दर अन्यथा उल्लेख भएकोमा बाहेक थैली अंकमा | | |
|---|---|---|---|---|
| | | महानगरपालिका क्षेत्रको शुल्क | नगरपालिका क्षेत्रको शुल्क | गाउँपालिका क्षेत्रको शुल्क |
| ६. | <u>शेषपछिको वकसपत्रको लिखत</u><br>शेषपछिको वकसपत्र/ अष्टलोहको प्रतिलिखत<br>(क) तीन पुस्ताभित्रको | रू. ७०००। | रू.५०००। | रू. २०००। |
| | (ख) तीन पुस्ताबाहिरको | रू.१२०००। | रू.७०००। | रू. ४०००। |
| ७.. | <u>बन्धकीको लिखत</u><br>दृष्टिबन्धकी, भोगबन्धकी र लखबन्धकीको लिखतको थैली अंकमा | १% | १% | १% |
| ८. | <u>अधिकारनामा, मञ्जुरीनामा र अख्तियारनामाको लिखत</u><br>अधिकारनामा, मञ्जुरीनामा र अख्तियारनामाको लिखत | रू.२०००। | रू.२०००। | रू.२०००। |
| ९. | <u>कपाली तमसुक र करारनामाको लिखत</u><br>दाखिल खारेज नहुने कपाली तमसुक र करारनामाको प्रति लिखत | १% | १% | १% |
| १०. | <u>गुठी स्थापना (गुठी दर्ता) लिखत</u><br>गुठी स्थापना (गुठी दर्ता) लिखत | | | |

| सि.नं | लिखतको प्रकार | रजिष्ट्रेशन शुल्कको दर अन्यथा उल्लेख भएकोमा बाहेक थैली अंकमा | | |
|---|---|---|---|---|
| | | महानगरपालिका क्षेत्रको शुल्क | नगरपालिका क्षेत्रको शुल्क | गाउँपालिका क्षेत्रको शुल्क |
| | | १५००/- | १०००/- | ५००/- |
| ११. | **घरबहाल लिखत**<br>घरबहाल लिखत बापत पहिलो महिनाको बहाल रकमको | ५ प्रतिशत | ४ प्रतिशत | २ प्रतिशत |
| १२. | **फलोपभोग लिखत**<br>फलोपभोग<br>(युजफ्रुक्टी) | १०००/- | ७००/- | ५००/- |
| १३. | **शेषपछिको बकसपत्र लिखत**<br>(क) शेषपछिको बकसपत्र<br>शर्त संशोधन गर्दा | २०००/- | १०००/- | ५००/- |
| | (ख)शेषपछिको बकसपत्र लिखत वदर वा रद्द गर्दा | ५०००/- | ३०००/- | २०००/- |
| १४. | **अन्य लिखत**<br>(क) रकम खुलेकोमा | ३ प्रतिशत | २ प्रतिशत | १ प्रतिशत |
| | (ख) रकम नखुलेकोमा | ७०००/- | ५०००/- | ३०००/- |

| सि.नं | लिखतको प्रकार | रजिष्ट्रेशन शुल्कको दर अन्यथा उल्लेख भएकोमा बाहेक थैली अंकमा | | |
|---|---|---|---|---|
| | | महानगरपालिका क्षेत्रको शुल्क | नगरपालिका क्षेत्रको शुल्क | गाउँपालिका क्षेत्रको शुल्क |
| १६. | <u>बेजिल्ला/बेइलाका लिखत पारितः</u><br>राजिनामा, शेषपछिको बकसपत्र, छोडपत्र, हालैको बकसपत्र सम्वन्धित मालपोत कार्यालयबाट मोठ, रोक्का, भिडेको लिखित जानकारी आएपछि लाग्ने दस्तुरमा थप दस्तुर लिई बेजिल्ला/बेइलाका पारित गर्ने। | २० प्रतिशत | २० प्रतिशत | २० प्रतिशत |
| १७. | सि.नं. ४ को अंशवण्डा तथा अंश भर्पाईको लिखत घर जग्गा भएको जिल्ला/इलाकाको कुनै मालपोत कार्यालयबाट पारित गर्न सकिनेछ। | | | |

## ख. सेवा शुल्कः

| सि.नं. | विवरण | सेवा शुल्कको दर अन्यथा उल्लेख भएकोमा बाहेक थैली अंकमा | | |
|---|---|---|---|---|
| | | महानगरपालिका क्षेत्रको शुल्क | नगरपालिका क्षेत्रको शुल्क | गाउँपालिका क्षेत्रको शुल्क |
| १. | <u>लिखत रजिष्ट्रेशनको लागि डोर माग गर्ने निवेदनमा डोर शुल्क</u><br>लिखत रजिष्ट्रेशनको लागि डोर माग गर्ने निवेदनमा डोर शुल्कः<br>(क) तराई क्षेत्रमा | रू.२००००। | रू.१००००। | रू. ५०००। |
| | (ख) अन्य क्षेत्रमा | रू.२००००। | रू.१००००। | रू. ५०००। |

| सि.नं. | विवरण | सेवा शुल्कको दर अन्यथा उल्लेख भएकोमा बाहेक थैली अंकमा | | |
|---|---|---|---|---|
| | | महानगरपालिका क्षेत्रको शुल्क | नगरपालिका क्षेत्रको शुल्क | गाउँपालिका क्षेत्रको शुल्क |
| २. | **वित्तीय धितो**<br>नेपाल राष्ट्र बैंकबाट वित्तीय कारोवार गर्न स्वीकृति प्राप्त बैंक, वित्तीय तथा सहकारी संस्थाबाट दिने कर्जाको धितोबन्धक वा दृष्टिबन्धक लिखतमा | | | |
| | (क) रू.१ लाख सम्मको लिखतको थैली अंकमा | रू. १०००। | रू. १०००। | रू. १०००। |
| | (ख) रू.१ लाख भन्दा बढी रू.५ लाख सम्मको थैली अंकमा | रू. १५००। | रू. १५००। | रू. १५००। |
| | (ग) रू.५ लाख भन्दा बढी रू.१० लाख सम्मको थैली अंकमा | रू. २५००। | रू. २५००। | रू. २५००। |
| | (घ) रू.१० लाख भन्दा बढी रू.२० लाख सम्मको थैली अंकमा | रू. ३०००। | रू.३०००। | रू.३०००। |
| | (ङ) रू.२० लाख भन्दा बढी रू.५० लाख सम्मको थैली अंकमा | रू.१००००। | रू.१००००। | रू.१००००। |
| | (च) रू.५० लाख भन्दा बढी रू.१ करोड सम्मको थैली अंकमा | रू.३००००। | रू.३००००। | रू.३०००० । |

| सि.नं. | विवरण | सेवा शुल्कको दर अन्यथा उल्लेख भएकोमा बाहेक थैली अंकमा | | |
|---|---|---|---|---|
| | | महानगरपालिका क्षेत्रको शुल्क | नगरपालिका क्षेत्रको शुल्क | गाउँपालिका क्षेत्रको शुल्क |
| | (छ) रू.१ करोड भन्दा बढी रू.२ करोड सम्मको थैली अंकमा | रू.४०,०००। | रू.४०,०००। | रू.४०,०००। |
| | (ज) रू.२ करोड भन्दा बढी रू.५ करोड सम्मको थैलीमा अंकमा | रू.८०,०००। | रू.८०,०००। | रू.८०,०००। |
| | (झ) रू.५ करोड भन्दा बढी जतिसुकै थैली अंकमा | रू.१५०,००० । | रू.१५०,००० । | रू.१५०,००० । |
| ३. | **लीज** सरकारी जग्गा लिजमा उपलव्ध गराउने | सरकारी जग्गा दर्ता तथा लीजमा उपलब्ध गराउने सम्बन्धी कार्यनीति, २०७१ को अनुसूची-१ अनुसारको शुल्क लाग्नेछ । | | |
| ४. | **जग्गाधनी दर्ता श्रेस्ताको प्रतिलिपिको लागि (टिकट बाहेक) प्रति पुर्जा** (क) तराई क्षेत्र | रू.१०००। | रू. ५००। | रू. २००। |
| | (ख) अन्य क्षेत्र नोटः जुनसुकै प्रयोजनको लागि प्रतिलिपि लिंदा समेत लागू हुनेछ | रू.१०००। | रू. ३००। | रू. १००। |
| ५.. | **दाखिल खारेज शुल्क** (क) करार अनुसार लिखत पारित गर्न ठहऱ्याएको फैसला वा मिलापत्र | ५% | ४% | २% |

| सि.नं. | विवरण | सेवा शुल्कको दर अन्यथा उल्लेख भएकोमा बाहेक थैली अंकमा | | |
|---|---|---|---|---|
| | | महानगरपालिका क्षेत्रको शुल्क | नगरपालिका क्षेत्रको शुल्क | गाउँपालिका क्षेत्रको शुल्क |
| | अनुसारको दाखिल खारेज गर्दा | | | |
| | (ख) अन्य मिलापत्र (अंश र अपुताली बाहेक) को दाखिल खारेज गर्दा | ३% | २% | १% |
| | (ग) बैंक वित्तीय संस्था वा सहकारी संस्थाबाट कर्जा प्रवाह गर्दा लिएको धितो लिलाम गर्दा व्यक्तिले सकार गरी बैक तथा वित्तीय संस्थाको पत्रानुसार व्यक्तिको नाउमा दा.खा. गर्दाको थैली अंकमा | ५% | ४% | २% |
| | (घ) बैंक वित्तीय संघ वा सहकारी संस्थाबाट कर्जा प्रवाह गर्दा लिएको धितो लिलाम गर्दा व्यक्तिले सकार नगरी ऋणीकै नामबाट वैक वित्तीय संघ वा सहकारी संस्थाले आफ्नो नाउँमा दाखिल खारेज गर्दा प्रति मिसिल | रू.७०००। | रू. ५०००। | रू. २०००। |

| सि.नं. | विवरण | सेवा शुल्कको दर अन्यथा उल्लेख भएकोमा बाहेक थैली अंकमा | | |
|---|---|---|---|---|
| | | महानगरपालिका क्षेत्रको शुल्क | नगरपालिका क्षेत्रको शुल्क | गाउँपालिका क्षेत्रको शुल्क |
| | (ङ) बैंक, वित्तीय संस्था वा सहकारी संस्थाले कर्जा प्रवाह गर्दा लिएको धितो लिलाममा बैंक वा संस्था आफैले सकार गरेपछि सम्बन्धित ऋणीलाई नै फिर्ता गर्दा पारित गर्ने लिखतको थैली अंकमा | २.५% | २% | १% |
| | (१) भूमिसुधार कार्यालयबाट जग्गा बाँडफाँट भई दा.खा. हुन आउँदा प्रति मिसिल | रू. ५००। | रू. ३००। | रू. २००। |
| | (२) अदालत वा न्यायिक निकायको फैसला बमोजिम लिलाम बढाबढ गरी दाखिल खारेज गर्दा प्रति मिसिल | रू.५०००। | रू. १०००। | रू. ५००। |
| | (च) शेषपछिको बकसपत्रको दाखिल खारेज<br>(क) तीनपुस्ता भित्रको भए<br>(ख) तीनपुस्ता बाहिरको भए (थैली अंक) मा | सबै क्षेत्रका लागि अंशबण्डा सरह | | |

| सि.नं. | विवरण | | सेवा शुल्कको दर अन्यथा उल्लेख भएकोमा बाहेक थैली अंकमा | | |
|---|---|---|---|---|---|
| | | | महानगरपालिका क्षेत्रको शुल्क | नगरपालिका क्षेत्रको शुल्क | गाउँपालिका क्षेत्रको शुल्क |
| | | | सबै क्षेत्रका लागि राजीनाम सरह | | |
| ६. | **<u>नामसारी</u>** | नामसारी<br>(क) तीनपुस्ता भित्रको नामसारी गर्दा | रू.१५००। | रू. १०००। | रू. ५००। |
| | | (ख) तीनपुस्ता भन्दा बाहिरको नामसारी गर्दा | रू.३५००। | रू. ३०००। | रू. १५००। |
| ७. | **<u>हाल साविक</u>** | पुनः नापजाँच पछिको श्रेस्ता हाल साविक तथा अध्यावधिक गर्दा प्रति मिसिल | रू. ४००। | रू. २००। | रू. १००। |
| ८. | **<u>घर कायम</u>** | श्रेस्ता पूर्जामा घर जनाउने प्रति निवेदनमा | रू.२५००। | रू. २०००। | रू. ५००। |
| ९.. | **<u>संशोधन शुल्क</u>** | मालपोत ऐन, २०३४ को दफा ७(३) अनुसारको विवरणमा संशोधन गर्नु पर्दा प्रति मिसिल | रू. ३००। | रू. १००। | रू. ५०। |

| सि.नं. | विवरण | | सेवा शुल्कको दर अन्यथा उल्लेख भएकोमा बाहेक थैली अंकमा | | |
|---|---|---|---|---|---|
| | | | महानगरपालिका क्षेत्रको शुल्क | नगरपालिका क्षेत्रको शुल्क | गाउँपालिका क्षेत्रको शुल्क |
| १०. | <u>रोक्का शुल्क</u> | (क) लिखत रजिष्ट्रेशन भएकोमा (थैली अंक जतिसुकै भएपनि) | नलाग्ने | नलाग्ने | नलाग्ने |
| | | (ख) लिखत रजिष्ट्रेशन नहुनेमा | | | |
| | | (अ) रू.१ लाख सम्मको ऋण अंकमा | रू. ५००। | रू. ३००। | रू. २००। |
| | | (आ) रू.१ लाख भन्दा वढी रू.५ लाखसम्मको ऋण अंकमा । | रू. ८००। | रू. ५००। | रू. ३००। |
| | | (इ) रू.५ लाख भन्दा बढी जतिसुकै ऋण अंकमा | रू.१०००। | रू.७००। | रू.५००। |
| | | (ई) ऋण अंक नखुलेकोमा | रू.५०००। | रू. ३०००। | रू.२०००। |

## ग. विविधः

| | |
|---|---|
| १. | अधिकारनामा र शेषपछिको बकसपत्र लिखत बाहेक अन्य सबै प्रकारको लिखतमा थैली अंक अनिवार्य खुलाउनु पर्नेछ । |
| २. | जलविद्युत, उद्योग, चिया खेती, कफी खेती, कपास खेती, पुष्प व्यवसाय, तरकारी खेती, पशुपंक्षीपालन, अलैंची खेती, अदुवा खेती, जडिबुटी खेती एवं फलफूल उद्योगको नाममा खरीद गर्ने जग्गाको लिखत पारित गर्दा लाग्ने रजिष्ट्रेशन शुल्कमा पचहत्तर प्रतिशत छुट हुनेछ । तर त्यस्तो जग्गाको प्रयोग उद्देश्य विपरित भएको पाइएमा मालपोत कार्यालयले छुट भएको रजिष्ट्रेशन शुल्क असुल गरी सोही रकम बराबर जरिवाना गर्नु पर्नेछ । |
| ३. | सामुहिक खेती योजना अन्तर्गत कृषि उत्पादन बढाउने उद्देश्यले व्यक्तिहरू मिली जग्गाको चक्ला मिलाई खेती गर्ने उद्योग खोली त्यस्तो उद्योगको नाममा लिखत पारित भएमा सो मा लाग्ने रजिष्ट्रेशन दस्तुरमा पचहत्तर प्रतिशत छुट हुनेछ । तर त्यस्तो जग्गाको प्रयोग उद्देश्य विपरित भएको पाइएमा मालपोत कार्यालयले छुट भएको रजिष्ट्रेशन शुल्क असुल गरी सोही रकम बराबर जरिवाना गर्नुपर्नेछ। |
| ४. | प्रदेशभित्र सूर्ती, चुरोट, खैनी, गुट्खा, पानपराग, प्लाष्टिक र मदिराजन्य उद्योग बाहेकका उत्पादनमूलक उद्योगले उद्योग स्थापना तथा सञ्चालन गर्न उद्योगको नाममा खरीद गर्ने जग्गाको लिखत पारित गर्दा लाग्ने रजिष्ट्रेशन शुल्क २५ प्रतिशत छुट हुनेछ । तर त्यस्तो जग्गाको प्रयोग उद्देश्य विपरित भएको पाइएमा सम्बन्धित गाउँपालिका वा नगरपालिका वा महानगरपालिकाले छुट भएको रजिष्ट्रेशन शुल्क असुल गरी सोही रकम बराबर जरिवाना गर्नुपर्नेछ। |
| ५. | (क) प्रदेश भित्र बीमा संस्थान, बीमा समितिबाट स्वीकृति प्राप्त बीमा कम्पनी, विश्वविद्यालय, बैंक तथा वित्तीय संस्थाहरूले आफ्ना बहालवाला कर्मचारीहरूलाई सेवा शर्त बमोजिम दिने ऋण सुविधाको धितो बन्धक लिखत पारित गर्दा रजिष्ट्रेशन शुल्क छुट हुनेछ । |
| | (ख) प्रदेश भित्र कर्मचारी सञ्चयकोष तथा नागरिक लगानी कोषले नियमित बचत जम्मा गर्ने आफ्ना सञ्चयकर्ताहरूलाई ऋण सुविधा उपलव्ध गराउँदा लिने धितोको धितो बन्धक लिखत पारित गर्दा रजिष्ट्रेशन शुल्क छुट हुनेछ । |

| | |
|---|---|
| ६. | सहकारी ऐन, २०७४ वमोजिम दर्ता भई सञ्चालनमा रहेका सहकारी संस्थाहरूले आफ्ना शेयर सदस्यहरूबीच ऋण लगानी प्रवाह गर्दा तीस लाख रूपैयाँ सम्मको थैली अंकमा रोक्का शुल्क वाहेक सेवा शुल्क छुट हुनेछ । सो भन्दा माथिको थैली अंकमा खण्ड (ख) सेवा शुल्क महलको सि.नं. २ वमोजिमको सेवा शुल्क लाग्नेछ । |
| ७. | जन आन्दोलन पहिलो र दोश्रो, जनयुद्ध र मधेश आन्दोलमा सहादत प्राप्त गरेका शहिदका आश्रित पति, पत्नि, छोरा र छोरी तथा माता-पिताको नाममा स्वमित्व प्राप्त हुने गरी पारित हुने लिखतमा यस ऐन बमोजिम लाग्ने सबै प्रकारको शुल्क पूर्ण रूपमा छुट हुनेछ। |
| ८. | अपाङ्गता भएका व्यक्ति, दलित एवम् पिछडिएका जाती भनी स्थानीय तहबाट प्रमाणित भएको सिफारिस वा अधिकारिक प्रमाणको आधारमा तिनीहरूको नाममा स्वामित्व प्राप्त हुँदा तीस लाखसम्मको थैली अंकमा यस ऐन वमोजिम असुल गरिने घर जग्गा रजिष्ट्रेशन शुल्कमा पच्चीस प्रतिशत छुट हुनेछ । |
| ९. | (क) महिला, सत्तरी वर्ष भन्दा बढी उमेरका ज्येष्ठ नागरिक र नाबालकको नाममा जुनसुकै प्रकारबाट स्वामित्व प्राप्त हुने गरी पारित हुने लिखतमा यस ऐन बमोजिम लगाइएको रजिष्ट्रेशन शुल्कमा पच्चीस प्रतिशत छुट हुनेछ ।<br>तर एकल महिलाको हकमा भने पैतिस प्रतिशत छुट हुनेछ ।<br>देहायमा उल्लिखित हिमाली क्षेत्रका जिल्लाका सदरमुकाम बाहेकका गाउँपालिकाको हकमा ५०% छुट हुनेछ ।<br>(अ) मनाङ र मुस्ताङ जिल्लाका सदरमुकाम रहेका गाउँपालिका बाहेक<br>(आ) गोरखा जिल्लाको चुमनुब्री गाउँपालिका |
| | (ख)हाल पति वा पत्नीको नाममा कायम रहेको घर जग्गाको स्वामित्व परिवर्तन गरी पति–पत्नी दुवैको संयुक्त स्वामित्वको रूपमा लिखत गर्न चाहेमा सो संगोलनामाको लिखतमा रू.१००।- मात्र रजिष्ट्रेशन शुल्क लाग्नेछ। |

| | |
|---|---|
| | (ग) ३०० जना भन्दा बढी व्यक्तिलाई प्रत्यक्ष रोजगारी दिने उत्पादनमूलक उद्योग स्थापना गर्न वा विस्तार गर्नका लागि जग्गा खरीद गर्दा लाग्ने रजिष्ट्रेशन शुल्कको लिखतमा ५०% छुट दिइनेछ। तर त्यस्तो जग्गाको प्रयोग उद्देश्य विपरित भएको पाइएमा मालपोत कार्यालयले छुट भएको रजिष्ट्रेशन शुल्क असुल गरी सोही रकम बराबर जरिवाना गर्नु पर्नेछ । |
| १०. | भूमिहिन, मुक्त कमैया र मुक्त हलिया परिवारले सहुलियत ऋण र अनुदान प्राप्त गरी खरीद गरेको जग्गाको लिखत पारित गर्दा लाग्ने रजिष्ट्रेशन शुल्क, सेवा शुल्क र रोक्का शुल्क पूर्ण रूपमा छुट हुनेछ। |
| ११. | बैक, वित्तीय एवं सहकारी संघ वा संस्था र अदालतबाट भई आएको मिलापत्र अनुसार दाखिल खारेज गर्नुपर्दा सेवा शुल्क असुल गर्ने प्रयोजनको लागि मालपोत कार्यालयले रजिष्ट्रेशन प्रयोजनको लागि तोकेको न्यूनतम मूल्य र मिलापत्र वा बैक, वित्तीय एवं सहकारी संघ संस्थाको पत्रमा उल्लेख भएको मूल्य मध्ये जुन बढी हुन्छ सोहीलाई कायम गर्नु पर्नेछ । |
| १२. | प्रदेश सरकारले चाहेमा धार्मिक तथा सामाजिक हितका निमित्त स्थापित नेपालमा दर्ता भएका संघ संस्था वा निकायले आफ्नो नाउँमा निःशुल्क रूपमा प्राप्त गर्ने जग्गाको लिखत पारित गर्दा ५० प्रतिशत रजिष्ट्रेशन शुल्क छुट दिन सक्नेछ । |
| १३. | प्रदेशभित्र यो ऐन लागू हुँदाका वखत प्रदेश वा स्थानीय तहबाट घोषणा भएका वा यस पछि घोषणा हुने नगरपालिकाको हकमा त्यस्ता नगरपालिकाको नाम र क्षेत्र निर्धारण गरी प्रदेश सरकार वा स्थानीय तहले राजपत्रमा सूचना प्रकाशित गरेको मितिदेखि यस अनुसूची वमोजिमको घर जग्गा रजिष्ट्रेशन शुल्क र सेवा शुल्क लाग्नेछ । |
| १४. | सहकारी ऐन, २०७४ अन्तर्गत दर्ता भएका बचत तथा ऋण सहकारी संस्थाहरू बाहेक अन्य सहकारी संस्थाहरूले संस्थाको प्रयोजनको लागि मात्र पहाडी क्षेत्रमा २ रोपनी, तराई र भित्री मधेशमा ३ कठ्ठासम्म जग्गा र भवन खरीद गर्दा लाग्ने रजिष्ट्रेशन शुल्क सहकारी विभागको सिफारिसमा लाग्ने रजिष्ट्रेशन शुल्क पूर्ण रूपमा छुट हुनेछ, तर त्यस्ता सहकारी संस्थाले रजिष्ट्रेशन शुल्क छुट सुविधामा खरिद गरेको जग्गा तथा भवन संस्था गाभिएको वा विघटन भएको अवस्थामा वाहेक बिक्री गरेमा पहिले छुट दिएको रजिष्ट्रेशन शुल्क असुल उपर गरिनेछ । |

| | |
|---|---|
| १५ | विविधको क्रमसंख्या ७, ८, ९ र १० बमोजिम छुट दिँदा एकै व्यक्तिलाई एकभन्दा बढी आधारमा छुट पाउने भएमा सबैभन्दा बढी कुनै एकमात्र छुट दिइने छ। |
| १६ | एउटै कारोवारबाट १० लाख रूपैयाँ वा सोभन्दा माथिको घर वा जग्गा खरीद बिक्री गर्दा क्रेताले बैंकबाट भुक्तानीको लागि योग्य (गुड फर पेमेन्ट) भनी छाप लागेको चेकको फोटोकपी पेश गरेपछि वा बिक्रेताका नाममा बैंकमा रहेको खातामा रकम जम्मा गरेको बैंक भौचरको फोटोकपी पेश गरेपछि मात्र मालपोत कार्यालयले लिखत पारित गर्नु पर्नेछ। |
| १७ | पति पत्नीको संयुक्त नाममा पारित हुने लिखतमा महिला सरह रजिष्ट्रेशन शुल्क छुट दिइनेछ । |
| १८ | तीनपुस्ता भित्र छोरी वा नातिनीहरूमा संयुक्त नामसारी भई दर्ताफारी गर्दा क्रमसंख्या २ मा उल्लिखित छोडपत्रको दररेटको आधा शुल्क लाग्नेछ । |
| १९ | नेपाल सरकार वा प्रदेश सरकार वा स्थानीय तह अन्तर्गत कुनै एक निकायको नाममा रहेको जग्गा नेपाल सरकार वा प्रदेश सरकार वा स्थानीय तह वा सो अन्तर्गतको अन्य निकायको नाममा रजिष्ट्रेशन वा दाखिल खारेज गर्नुपर्दा रजिष्ट्रेशन शुल्क तथा सेवा शुल्क लाग्ने छैन । |
| २० | कुनै व्यक्तिको स्वामित्वमा रहेको जग्गा नेपाल सरकार वा प्रदेश वा स्थानीय सरकारको कुनै निकायलाई निःशुल्क रूपमा प्राप्त भएमा वा नेपाल सरकार, प्रदेश सरकार र स्थानीय सरकार वा सरकारको कुनै पनि निकायले खरीद गरी लिएमा सो मा रजिष्ट्रेशन शुल्क तथा सेवा शुल्क लाग्ने छैन। |
| २१ | महानगरपालिका र नगरपालिका क्षेत्रभित्रको पारित हुने लिखतमा घरजग्गा रजिष्ट्रेशन शुल्कको सि.नं. १, २ र ३ मा उल्लेख गरिएको रजिष्ट्रेशन लिखतको थैली अंकको शुन्य दशमलव पाँच प्रतिशत थप शुल्क असुल गरिनेछ । यस्तो रकम नगरपालिकाहरूले छुट्टै कोष खडा गरी ढल प्रशोधन, स्वच्छ खानेपानी, वृक्षारोपण र पर्यावरण सुधार लगायतका सहरी पूर्वाधार र सौन्दर्य विकासमा मात्र खर्च गर्न पर्नेछ । |

## अनुसूची - २

(दफा ३ सँग सम्बन्धित)

## सवारी साधन कर, सवारीचालक अनुमतिपत्र,इजाजतपत्र दस्तुर तथा आवेदन दस्तुर

### क. सवारी साधन कर

| | |
|---|---|
| **१. निजी सवारी साधनमा देहाय बमोजिम सवारी साधन कर लाग्नेछः-** | |
| **सवारीको किसिम** | |
| **(क) कार, जिप, भ्यान, माइक्रो बस** | **वार्षिक कर दर** |
| (अ) १००० सी.सी. सम्म | रू. २०,०००।- |
| (आ) १००१ देखि १५०० सी.सी. सम्म | रू. २२,०००।- |
| (इ) १५०१ सी.सी. देखि २००० सी.सी. सम्म | रू. २४,०००।- |
| (ई) २००१ सी.सी. देखि २५०० सी.सी. सम्म | रू. ३३,५००।- |
| (उ) २५०१ सी.सी. देखि २९०० सी.सी. सम्म | रू. ३९,०००।- |
| (ऊ) २९०१ सी.सी. देखि माथि सबै | रू. . ५५,५००।- |
| **(ख) डोजर, एक्साभेटर, लोडर, रोलर, ट्रिपर, क्रेन जस्ता मेशिनरी उपकरण र मिनीटिपर** | |
| (अ) डोजर, एक्साभेटर, लोडर, रोलर, ट्रिपर, क्रेन जस्ता मेशिनरी उपकरण | रू. ३६,५००।- |
| (आ) मिनीटिपर | रू. २६,५००।- |
| **(ग) थ्री ह्वीलर, टेम्पो, ट्रेक्टर र पावर टिलर** | |
| (अ) थ्री ह्वीलर र टेम्पो | रू. .५,२००।- |
| (आ) ट्रेक्टर | रू. .४,२००।- |

| | |
|---|---|
| (ई) पावर टिलर | रू. ३,२००।- |
| **(घ) मिनिट्रक / मिनिबस** | **रू.२३,०००।-** |
| **(ङ) ट्रक र बस** | **रू.३३,५००।-** |
| **(च) मोटर साइकल तथा स्कुटर** | |
| (अ) १२५ सी.सी. सम्मको | रू. .२,६००।- |
| (आ) १२६ देखि २५० सी.सी. सम्म | रू. .४,२००।- |
| (इ) २५१ देखि ४०० सी.सी. सम्म | रू. ८,४००।- |
| (ई) ४०१ सी.सी. र सो देखि माथि | रू. १६,०००।- |
| **२. भाडामा दर्ता भएका सवारी साधनमा देहाय बमोजिम सवारी साधन कर लाग्नेछः-** | |
| **सवारीको किसिम** | |
| **(क) कार, जिप, भ्यान, माइक्रो बस** | **वार्षिक कर दर** |
| (अ) १३०० सी.सी.सम्म | रू. ८,४००। |
| (आ) १३०१ सी.सी. देखि २००० सी.सी. सम्म | रू. ९,५००। |
| (इ) २००१ सी.सी.देखि २९०० सी.सी.सम्म | रू. ११,५००। |
| (ई) २९०१ सी. सी. देखि ४००० सी.सी. सम्म | रू.१३,५००। |
| (उ) ४००१ सी.सी. र सोभन्दा माथि सबै | रू.१५,८००। |
| **(ख) डोजर, एक्साभेटर, लोडर, रोलर, ट्रिपर, क्रेन जस्ता मेशिनरी उपकरण** | **रू.१७,८००।** |
| (ग), थ्री ह्वीलर र टेम्पो | रू. ४,२००। |
| (घ) ट्रेक्टर | रू. २,६००। |

| | |
|---|---|
| (ङ) पावर टिलर | रू. २,१००। |
| (च) मिनीट्रक, मिनीबस | रू.१२,६००। |
| (छ) मिनी ट्रिपर | रू. १४,७००। |
| (ज) ट्रक, बस | रू. १६,८००। |
| (झ) तेल ट्यांकर, ग्याँस बुलेट, ट्रिपर | रू. १२,६००। |

| | |
|---|---|
| ३. | नेपाल सरकार, प्रदेश सरकार र स्थानीय सरकारको नाउँमा दर्ता भएका सवारी साधनहरूलाई भाडामा दर्ता भएका सवारी साधनमा लाग्ने सरह कर लाग्नेछ । |
| ४. | बिद्युतीय माध्यमद्वारा सञ्चालित सवारी साधनमा सवारी साधन कर लाग्ने छैन। पेट्रोलियम पदार्थ बाहेक अन्य इन्धनद्वारा सञ्चालन हुने सवारी साधनमा माथि दफा १ र २ बमोजिम लाग्ने सवारी साधन करमा बीस प्रतिशत छुट हुनेछ । |
| ५. | सुरू पैठारी मितिले एक वर्षभन्दा कम अवधि भएमा दामासाहीले सवारी साधन कर कट्टा गरिनेछ । तर व्यापार मौज्दातमा रहेका सवारी साधनमा यस्तो कर लाग्ने छैन। |
| ६. | सवारी साधन बिग्रेको वा अन्य कुनै कारणबाट सो सवारी साधन चलाउन नपाएको भनी संघ, प्रदेश र स्थानीय सरकारले ठहऱ्याएको कुनै व्यक्ति वा संस्थाको नाममा दर्ता भएको सवारी साधनलाई सवारी साधन कर लाग्ने छैन । |
| ७. | भाडाका बस, मिनीबस तथा माइक्रोबसका सवारी साधनले विद्यार्थीलाई सहुलियतको रूपमा भाडामा छुट दिए बापत त्यस्ता सवारी साधनका धनीले तिर्नु पर्ने सवारी साधन करमा साठी प्रतिशत छुट पाउनेछन् । |
| ८. | जुनसुकै सवारी साधनका धनीले चाहेमा लाग्ने सवारी साधन कर प्रचलित दरका आधारमा एकमुष्ठ रूपमा पाँच वर्षसम्मका लागि एकैपटक भुक्तानी गरी |

| | |
|---|---|
| | नवीकरण गराउन सक्नेछन् । यसरी अग्रिम रूपमा पाँच बर्षको सवारी साधन कर एकमुष्ट बुझाई नवीकरण गराएमा लाग्ने सवारी साधन करमा दस प्रतिशत छुट हुनेछ । |
| ९. | सार्वजनिक संग्रहालयमा प्रदर्शनीका लागि राखिएका बीस वर्षभन्दा पुराना सवारी साधनलाई वार्षिक तिर्नुपर्ने सवारी साधन कर लाग्ने छैन । |
| १०. | दफा १ र २ मा जुनसुकै कुरा लेखिएको भए तापनि दमकल, एम्बुलेन्स तथा शव वाहनलाई सवारी साधन कर लाग्ने छैन । |
| ११. | दश लाख रूपैयाँ भन्दा बढीको सवारी साधन खरिद गर्दा सम्बन्धित सवारी साधन क्रेताले एकाउन्ट पेयी चेकबाट मात्र बिक्रेतालाई रकम भुक्तानी गर्नु पर्नेछ । |
| १२. | यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि अपाङ्गता भएका व्यक्तिले प्रयोग गर्न मिल्ने गरी बनाईका १५० सी.सी. सम्मका स्कूटरमा सवारी साधन कर लाग्ने छैन। |
| १३. | नेपाल सरकार वा प्रदेश सरकार वा स्थानीय सरकारले जफत गरी लिलाम बिक्री गरेको सवारी साधनमा सो मिति भन्दा अगाडिको अवधिको यस्तो कर लाग्ने छैन । |
| १४. | २०७७ चैत्र मसान्तसम्म अन्य प्रदेशमा दर्ता गरी सवारी कर तिर्दै आएका सवारी धनीहरूले यस प्रदेशभित्रका यातायात ब्यवस्था कार्यालय (सवारी) मा दर्ता स्थानान्तरण गर्न आएमा सवारी करमा २५ प्रतिशत छुट हुनेछ। |
| १५ | सवारी धनीले पैठारी गरी ल्याएका सवारी साधनहरू सुरू दर्ता हुन आएमा लाग्ने सवारी दर्ता तथा सवारी साधन करमा २५ प्रतिशत छुट हुनेछ। |

## ख. सवारीचालक अनुमतिपत्र,इजाजतपत्र दस्तुर तथा आवेदन दस्तुरः

| १. सवारी चालक अनुमतिपत्र दस्तुर तथा आवेदन दस्तुर तर्फः | | |
|---|---|---|
| **सवारीको किसिम/वर्ग** | **आवेदन दस्तुर** | **सवारी चालक अनुमतिपत्र दस्तुर** |
| मोटर साईकल | रू.६००/- | रू.१६००/- |
| कार,जीप पावर टेलर | रू.६००/- | रू.२१००/- |
| टेक्टर | रू.६००/- | रू.२७००/- |
| मिनीवस/ट्रक थप | रू.६००/- | रू.६००/- |
| ट्रक/बस,लहरी थप | रू.६००/- | रू.११००/- |
| H1,H2,H3,I1,I2,I3, J1,J2,J3,J4,J5 | रू.६००/- | रू.३२००/- |
| H1,H2,H3,I1,I2,I3, J1,J2,J3,J4,J5 थप | रू.६००/- | रू.११००/- |
| प्रमाणिकरण | रू.६००/- | |

| २.बाटो इजाजत पत्र दस्तुर (नवीकरण समेत/सार्वजनिक सवारी साधनलाई मात्र लाग्ने) | | | |
|---|---|---|---|
| क्र. स. | दुरी (कि.मि.) | सवारीको वर्गीकरण र दस्तुर (रूपैयामा) | |
| | | ठूला र मझौला बस मिनिवस आदि | ठूला र मझौला ट्रक मिनिट्रक आदि |
| १ | १ देखि ५० कि.मि.सम्म | ५५०/- | ६५०/- |
| २ | ५१ देखि १०० कि.मि.सम्म | ६५०/- | ७५०/- |
| ३ | १०१ देखि १५० कि.मि.सम्म | ९००/- | १०००/- |
| ४ | १५१ देखि २०० कि.मि.सम्म | १०००/- | १२००/- |
| ५ | २०१ देखि २५० कि.मि.सम्म | ११००/- | १३००/- |
| ६ | २५१ देखि ३०० कि.मि.सम्म | १३००/- | १५००/- |
| ७ | ३०१ देखि ३५० कि.मि.सम्म | १४००/- | १६००/- |
| ८ | ३५१ देखि ४०० कि.मि.सम्म | १५००/- | १७००/- |
| ९ | ४०१ देखि ४५० कि.मि.सम्म | १६५०/- | १८००/- |
| १० | ४५१ देखि ५०० कि.मि.सम्म | १८५०/- | २१००/- |
| ११ | ५०१ देखि ५५० कि.मि.सम्म | २१००/- | २३००/- |
| १२ | ५५१ देखि ६०० कि.मि.सम्म | २३००/- | २४००/- |
| १३ | ६०१ देखि ६५० कि.मि.सम्म | २५००/- | २६००/- |
| १४ | ६५१ देखि ७०० कि.मि.सम्म | २७००/- | २९००/- |
| १५ | ७०० कि.मि.भन्दा माथि सम्म | ३१००/- | ३५००/- |
| ३. बाटो इजाजत पत्र दस्तुर (नवीकरण समेत/पाँच सिटभन्दा बढी चौध सिटसम्म | | | |

| क्षमता भएको सार्वजनिक सवारी साधनलाई मात्र लाग्ने ) | | |
|---|---|---|
| **क्र. सं.** | **दुरी** | **सिफारिस गरिएको दस्तुर (रूपैयामा )** |
| १ | १ देखि ५० कि.मि.सम्म | ४५०/- |
| २ | ५१ देखि १०० कि.मि.सम्म | ५५०/- |
| ३ | १०१ देखि १५० कि.मि.सम्म | ६५०/- |
| ४ | १५१ देखि २५० कि.मि.सम्म | ७५०/- |
| ५ | २५१ देखि ३०० कि.मि.सम्म | ८५०/- |

| ४. तोकिएको निश्चित बाटो (रूट) वा क्षेत्रभित्र सञ्चालनार्थ लाग्ने बाटो इजाजत दस्तुर | | |
|---|---|---|
| **क स** | **सवारीको बर्गीकरण** | **सिफारिस गरिएको दस्तुर (रूपैयामा )** |
| १ | १४ सिट वा सो भन्दा मुनिका (मोटरवाला बाहेक) हलुका सवारी र एक टनसम्म क्षमता भएका ट्याक्टर, पावलटिलर | ५५०/- |
| २ | मिटर भएको ट्याक्सी | ५५०/- |
| ३ | मिटर भएको ट्याम्पो | ४५०/- |
| ५.बाटो इजाजत पत्र प्रतिलिपी दस्तुर रू १५०/- लाग्नेछ। | | |

६. बाटो इजाजत पत्र सो दिइएको मितिले चार महिनासम्म बहाल रहनेछ, म्याद नाघेको पन्ध्रदिन मात्र त्यस्तो बाटो इजाजतपत्र नवीकरण गराई सक्नुपर्नेछ । पन्ध्र दिनको म्याद नाघी बाटो इजाजतपत्र नवीकरण गर्ने, सो म्याद नाघेको एक महिनासम्म नवीकरण दस्तुरको अतिरिक्त शत प्रतिशत थप दस्तुर लाग्नेछ। म्याद नाघेको एक महिनापछि नवीकरण गर्दा लिनुपर्ने नवीकरण दस्तुर र थप दस्तुरको अतिरिक्त दुई हजार रूपैयासम्म जरिवाना हुनेछ।

**अनुसूची- ३**

(दफा ४ सँग सम्बन्धित)

**मनोरञ्जन कर**

| सि.नं. | शीर्षक | महानगरपालिका | नगरपालिका | गाउँपालिका |
|---|---|---|---|---|
| १. | चलचित्र घर | प्रवेश शुल्कमा ५% | प्रवेश शुल्कमा ५% | प्रवेश शुल्कमा ५% |
| २. | व्यापारिक तथा व्यवसायिक प्रयोजनको लागि सञ्चालन गरिने मेला-महोत्सव | २० हजार | १० हजार | ५ हजार |
| ३. | व्यापारिक तथा व्यवसायिक प्रयोजनको लागि सञ्चालन गरिने कन्सर्ट | तीन हजार | दुई हजार | एक हजार |

४. माथि सि.नं. २ मा जुनसुकै कुरा लेखिएको भए तापनि सात दिन भन्दा बढी समयसम्म व्यापारिक तथा व्यवसायिक प्रयोजनको लागि सञ्चालन गरिने मेला-महोत्सवमा उल्लिखित करको दरमा शत प्रतिशत थप कर लाग्नेछ ।

५. माथि सि.नं. ३ मा जुनसुकै कुरा लेखिएको भए तापनि एक दिन भन्दा बढी समयसम्म व्यापारिक तथा व्यवसायिक प्रयोजनको लागि सञ्चालन गरिने कन्सर्टमा उल्लिखित करको दरमा शत प्रतिशत थप कर लाग्नेछ।

# अनुसूची-४

(दफा ६ सँग सम्बन्धित)

## कृषि आयमा कर

प्राकृतिक व्यक्तिले प्रारम्भिक कृषि उपजको उत्पादनबाट प्राप्त आयमा देहाय बमोजिम कर लाग्नेछः

१. वार्षिक दश लाख रूपैंयाँसम्मको आयमा कर लाग्ने छैन।

२. त्यसपछिको बीस लाख रूपैंयाँसम्मको आयमा एक प्रतिशतका दरले कर लाग्नेछ।

३. बीस लाखभन्दा माथि जतिसुकै आय भए पनि दुई प्रतिशतका दरले कर लाग्नेछ।

४. उपदफा (२) र (३) बमोजिमको कर भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय अन्तर्गत रहेका जिल्लास्तरका कृषि ज्ञान केन्द्र मार्फत संकलन गरिनेछ ।

५. वार्षिक दश लाख रुपैंयाभन्दा बढीको प्रारम्भिक कृषि उपजबाट आय आर्जन गर्ने प्राकृतिक व्यक्तिले आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र सम्बन्धित केन्द्रमा स्वयम् कर घोषणा गरी आय विवरण र सोमा लाग्ने कर सहित पेश गर्नुपर्नेछ । यसरी पेश हुन आएका विवरण तथा कर दाखिला सम्बन्धी विवरण सम्बन्धित केन्द्रले अर्को महिनाको ३० गतेभित्र आर्थिक मामिला तथा योजना मन्त्रालयमा दिनुपर्नेछ ।

६. तोकिएको समयभन्दा ढिला विवरण पेश गरेमा लाग्ने करको वार्षिक पन्ध्र प्रतिशतका दरले व्याज लाग्नेछ ।

## अनुसूची- ५

(दफा ७ सँग सम्बन्धित)

## पर्यटन शुल्क

**नेपाल सरकारबाट हस्तान्तरण भई आएका र प्रदेश सरकारले तोकेका पर्यटकीय स्थल, पर्यटन व्यवसाय र पर्यटकीय क्रियाकलापमा देहाय अनुसार शुल्क लाग्नेछः**

| सि.नं. | शीर्षक | दर |
|---|---|---|
| १. | प्राचीन स्मारक र पुरातात्विक सम्पदा | प्रति टिकट मूल्यको पाँच प्रतिशत |
| २. | संग्रहालय | प्रति टिकट मूल्यको पाँच प्रतिशत |
| ३. | पदमार्ग | प्रति पर्यटक सार्क मुलुकका पर्यटकका लागि यु.एस. डलर पाँच र अन्य मुलुकका पर्यटकका लागि यु.एस. डलर दश |
| ४. | प्रवेश शुल्क | प्रदेश सरकारले तोकेका गन्तब्य स्थानमा प्रवेश गर्ने विदेशी सवारी साधनलाई साना सवारीको हकमा प्रतिदिन रू १००।र बसको हकमा प्रतिदिन रू ३००। का दरले प्रवेश शुल्क असुल गरिने छ। |
| ५. | गुफा | प्रति टिकट मूल्यको पाँच प्रतिशत |
| ६. | पार्क, संरक्षण क्षेत्र, सिकार आरक्ष र पिकनिक स्पट | प्रति टिकट मूल्यको तीन प्रतिशत |
| ७. | प्याराग्लाण्डिङ, अल्ट्रालाइट, बञ्जीजम्पिङ् र जीपफ्लायर | वार्षिक एक लाख |

| सि.नं. | शीर्षक | दर |
|---|---|---|
| ८. | रक क्लाइम्बिङ र क्यानोनिङ | वार्षिक बीस हजार |
| ९. | भ्यू टावर | प्रति टिकट मूल्यको तीन प्रतिशत |
| १०. | पर्यटक सेवा शुल्क | प्रदेश सरकारले पर्यटक सेवा सूचना केन्द्र स्थापना गरी उपलब्ध गराउने सेवामा विदेशी पर्यटकको हकमा प्रति पर्यटक एक हजार रूपैयाँ र स्वदेशी पर्यटकलाई दुई सय रूपैयाँका दरले सेवा शुल्क लाग्नेछ । |

(अ) माथि जुनसुकै कुरा लेखिएको भए तापनि विद्यार्थी, अपाङ्गता भएका व्यक्ति र सत्तरी वर्ष भन्दा माथिका जेष्ठ नागरिकलाई लाग्ने शुल्कमा पचास प्रतिशत छुट सहुलियत उपलब्ध हुनेछ।

(आ) माथि सि.नं. ७ र ८ मा उल्लिखित शुल्क आर्थिक वर्ष शुरू भएको तीन महिनाभित्र सम्बन्धित स्थानीय तहमा बुझाउनु पर्नेछ । उक्त शुल्क तोकिएको समयमा दाखिला नगरेमा वार्षिक पन्ध्र प्रतिशतका दरले थप शुल्क लाग्नेछ ।

## अनुसूची- ६

(दफा ८ सँग सम्बन्धित)

**दहत्तर बहत्तर (रोडा, ढुङ्गा, गिट्टी, चिप्स, माटो, बालुवा, चुनढुङ्गा र काठ दाउरामा) मा देहाय बमोजिमको शुल्क लगाई असुल उपर गरिनेछः**

| सि.नं. | शीर्षक | दर (प्रति क्युविक फिट) |
|---|---|---|
| १. | रोडा, गिट्टी, गेग्रान | चार रूपैंयाँ |
| २. | ढुङ्गा, चट्टान, स्लेट | चार रूपैंयाँ |
| ३. | चिप्स | तीन रूपैंयाँ |
| ४. | माटो | दुई रूपैंयाँ |
| ५. | बालुवा | तीन रूपैंयाँ |
| ६. | चुनढुङ्गा | छ रूपैंयाँ |
| ७. | नदी तथा खोलाले बगाएर ल्याएको काठ दाउरा आदि | प्रति किलो दुई रूपैयाँ |

(अ) "ढुङ्गा, गिट्टी, बालुवा, माटो, चट्टान, दहत्तर, बहत्तर भन्नाले" भन्नाले नदी खोल्सा खोल्सी वन क्षेत्र वा सार्वजनिक वा निजी जग्गाबाट उत्खनन वा संकलन गरिने बहुमूल्य पत्थर, ऐतिहासिक र साँस्कृतिक महत्त्वका शालिग्राम, शीला र अति मूल्यवान वस्तु बाहेकका ढुङ्गा, गिट्टी, बालुवा, रोडा, गेग्रान, चट्टान, माटो, चुनढुङ्गा, स्लेट, जस्ता नदीले बगाई ल्याएको वा थिग्रिएको नदी तथा खानीजन्य प्राकृतिक स्रोतलाई सम्झनु पर्छ ।

(आ) प्रति क्युफिट बाहेक अन्य इकाईमा कारोवार भएमा कारोवार भएको इकाईलाई प्रति क्युफिटमा परिवर्तन गरी गणना गर्न सकिनेछ।

**आज्ञाले,**

**मनोहर प्रसाद खनाल**

**प्रदेश सरकारको सचिव**

**मुद्रक :** आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश सरकार, गण्डकी प्रदेश । मूल्य रु ५०।-